EBL/HO/SH/255/078-79

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A Joint-Venture with punjab national bank, India)
Consistent, Strong & Dependable
(नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजत प्राप्त संस्था)

मिति: २०७८/०९/०८

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड
सिंहदरबार प्लाजा, काठमाडौं

**विषय: बार्षिक साधारणसभाको कामकारवाहीको विवरण (माइन्युट) पठाइएको बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बैंकको मिति २०७८/०९/०१ मा सम्पन्न २७ औं बार्षिक साधारण सभाको विवरण (माइन्युट) यसै पत्रसाथ संलग्न राखी तहाँको जानकारीका लागि प्रेषित गरिएको व्यहोरा अवगतार्थ अनुरोध छ ।

भवदीय,

EVEREST BANK LTD. Head Office Kathmandu

सुरेश चापागाई
कम्पनी सचिव

Corporate Office: EBL House, Lazimpat, P. O. BOX: 13384, Kathmandu, Nepal
Tel: 01-4443377 (hunting), Fax: +977-1-4443160, E-mail: ebl@mos.com.np, Swift: EVBLNPKA
www.everestbankltd.com

Scanned with CamScanner

# एभरेष्ट बैंक लिमिटेडको २७ औं बार्षिक साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट):

१. **सभाको काम कारवाही:**

मिति २०७८ साल मंङसिर ८ गते बसेको एभरेष्ट बैंक लिमिटेडको संचालक समिति ३३५ औं बैठकले निर्णय गरे अनुसार कोरोना भाइरस महामारीको जोखिम कायमै रहेकोले जिल्ला प्रशासन कार्यालय, काठमाडौंको मिति २०७८/०६/१४ सूचना बमोजिम स्वास्थ्य सम्बन्धी निर्देशन र मापदण्डहरुको सम्मान र परिपालना गर्दै अनलाईन VIDEO CONFERENCE (ZOOM) मार्फत २७ औं बार्षिक साधारण सभा गर्ने निम्न मिति, स्थान र समयमा निम्न बिषयहरु उपर छलफल गरी निर्णय गर्न संचालक समितिका अध्यक्ष श्री बिष्णु कृष्ण श्रेष्ठ ज्यूको सभापतित्वमा सम्पन्न भएको यस साधारण सभाको काम कारवाहीको विवरण (माइन्यूट) देहाय बमोजिम छ ।

२. **सभाको मिति, समय र स्थान:**

मिति: २०७८ साल पौष १ गते बिहिबार तदनुसार १६ डिसेम्बर, २०२१

समय: बिहान ११:३० बजे

स्थान: एभरेष्ट बैंक लिमिटेड, केन्द्रीय कार्यालय, लाजिम्पाट, काठमाडौं ।

३. **सभाको सूचना र सूचना प्रकाशन मिति:**

कम्पनी ऐन, २०६३ को ६७(२) बमोजिम २७ औं बार्षिक साधारण सभा गर्नका लागि सभा हुने मिति, स्थान र छलफल गर्ने बिषय समेत खोली २०७८ साल मंङसिर ९ गतेको कारोबार राष्ट्रिय दैनिक तथा २०७८ साल मंङसिर १० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

४. **सभामा उपस्थिति:**

**४.१ संचालक समिति / प्रमुख कार्यकारी अधिकृत:**

१) श्री बिष्णु कृष्ण श्रेष्ठ - अध्यक्ष
२) डा. बाल गोपाल बैद्य - संचालक
३) श्री अरुण मान शेरचन - संचालक
४) श्री नविन भक्त श्रेष्ठ - संचालक
५) डा. निर्मल कुमार बिष्ट - संचालक
६) श्रीमती उर्मिला श्रेष्ठ - संचालक
७) श्री सुदेश खालिङ - प्रमुख कार्यकारी अधिकृत

**४.२ पर्यवेक्षक / पदाधिकारी:**

१) श्रीमती अनिला श्रेष्ठ - लेखापरीक्षक

Head Office
Kathmandu

२) डा. सन्धिर कुमार - नायब महाप्रबन्धक
३) श्री केशव राज पौडेल - सहायक महाप्रबन्धक
४) श्री आशुतोष शर्मा - सहायक महाप्रबन्धक
५) श्री सुरेश चापागाईं - कम्पनी सचिव

४.३ उपस्थित शेयरधनीहरुको संख्या निम्न बमोजिम २३१ जना रहेको छ ।

| **शेयरधनी संख्या** | **उपस्थित संख्या** | **स्वयं /प्रतिनिधि /प्रोक्सी मार्फत** | VIDEO CONFERENCE (ZOOM) **मार्फत उपस्थित** |
|---|---|---|---|
| ५६,४०९ | २३१ | १९१ | ४० |

## ५. सभाको गणपूरक संख्या:

| **कुल शेयर संख्या** | **शेयरधनी संख्या** | **उपस्थित संख्या** | **स्वयं /प्रतिनिधि / प्रोक्सी मार्फत** | **VIDEO CONFERENCE (ZOOM) मार्फत उपस्थित** | **उपस्थिति (शेयर) प्रतिनिधित्व** | **शेयरको प्रतिनिधित्व (%)** |
|---|---|---|---|---|---|---|
| ८,८९,३७,१७१.७८ | ५६,४०९ | २३१ | १९१ | ४० | ५,५५,८०,८२९ | ६२.४९% |

## ६. सभाको वैधानिकता:

कुनै पनि साधारण सभा सम्पन्न हुनु भन्दा अगावै सभामा उपस्थित शेयरधनीहरुले सो साधारण सभाको वैधानिकता यकिन गर्न पर्ने हुँदा कम्पनी सचिवले निम्न अनुसार शेयरधनीहरुलाई अवगत गराउनु भयो ।

(**क**) कम्पनी ऐन, २०६३ र यस एभरेष्ट बैंक लिमिटेडको नियमावलीमा भएका प्रावधानहरु बमोजिम रीतपूर्वकको सूचना जारी तथा प्रकाशित गरि आर्थिक बर्ष समाप्त भएको ६ महिना भित्र नै यो साधारण सभा बोलाईएको थियो । बार्षिक साधारण सभाको सूचना २०७८ साल मंङसिर ९ गतेको कारोबार राष्ट्रिय दैनिक तथा २०७८ साल मंङसिर १० गतेको आर्थिक अभियान राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरिएको थियो ।

(**ख**) कम्पनी ऐन, २०६३ को दफा ६९ र यस एभरेष्ट बैंक लिमिटेडको नियमावलीमा गरिएका व्यवस्थाहरु बमोजिम यो साधारण सभाको लागि माथिको बुँदा नं ५ मा उल्लेखित तालिका बमोजिमको उपस्थितिले आवश्यक गणपूरक संख्या समेत पुगेको र सभामा उपस्थित सबै शेयरधनी महानुभावहरु मतदान गर्न योग्य भएको बैंकका कम्पनी सचिवले सभालाई जानकारी गराउनु भयो ।

उपरोक्त अनुसारको जानकारी उपर शेयरधनी महानुभावहरुबाट रीतपूर्वक भएको भनी संतोष व्यक्त गरियो र यस साधारण सभा सम्बन्धि कारवाही आगाडि बढाउन अनुरोध गरियो ।

Head Office

2

७. **<u>सभाको सभापतित्व र सभा संचालनः</u>**

कम्पनी सचिव श्री सुरेश चापागाईंले बैंकका उपस्थित संचालकहरुको परिचय गराउदै बैंकको प्रबन्धपत्र/नियमावली अनुसार साधारण सभाको सभापतित्व बैंकको संचालक समिति अध्यक्ष श्री बिष्णु कृष्ण श्रेष्ठ ज्यूले गर्नु हुने व्यहोरा सभामा जानकरी गराउनु भयो ।

तत्पश्चात, सभापति ज्यूको अनुमतिले सभालाई आगाडी बढाउने क्रममा बैंकका कम्पनी सचिव श्री सुरेश चापागाईंले सभाको निर्धारित बिषयसूची तथा प्रस्तावहरु पढेर सुनाउनु भयो ।

८. **<u>सभाको बिषयसूची र प्रस्तावहरुः</u>**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७८ साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त आ.व २०७७/७८ को नाफा नोक्सान तथा सोही अवधिको नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने ।

३. मिति २०७८/०७/१२ मा बसेको संचालक समितिको ३३४ औं बैठकले, शेयरधनीहरुलाई निम्न बमोजिम बोनस शेयर तथा नगद लाभांश प्रदान गर्न सिफारिश गरेकोले सो प्रस्ताव छलफल गरी पारित गर्ने,

**(क)** हालको चुक्ता पूँजीको ६% का दरले हुने रु. ५३,३६,२३,०३१/- बराबरको बोनस शेयर जारी गर्ने - बिशेष प्रस्ताव

**(ख)** हालको चुक्ता पूँजीको ४.३२% का दरले हुने रु. ३८,४२,०८,५८३/- बराबरको नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्न गरेको सिफारिशलाई छलफल गरी पारित गर्ने

४. प्रबन्धपत्र संशोधन सम्बन्धि बिशेष प्रस्ताब पारित गर्ने,

**<u>जारी तथा चुक्ता पूँजी बृद्धिः</u>**

बैंकले प्रस्तावित रु. ५३,३६,२३,०३१/- बराबरको बोनस शेयर वितरण पश्चात हालको जारी र चुक्ता पूँजी रु. ८,८९,३७,१७,१७८/- बाट बृद्धि भई रु. ९,४२,७३,४०,२०९/- हुने भएकोले जारी र चुक्ता पूँजी बृद्धि गर्न प्रबन्धपत्र संसोधन गर्ने ।

५. आ.ब २०७८/७९ को लागि लेखापरीकक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने ।

६. विविध

९. **<u>संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदनः</u>**

निर्धारित बिषय सूची १ मा उल्लेख भए बमोजिमको संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन प्रस्तुत गर्ने क्रममा बार्षिक प्रतिवेदन शेयरधनीहरुलाई प्राप्त भईसकेको कारणले अनावश्क पुनरावृत्ति नहोस भन्ने उद्धेश्य एवं समयको बचतका लागी सभापति ज्यूले उक्त प्रतिवेदनमा रहेको मुख्य बुँदाहरुलाई समेट्ने गरि तयार गरिएको अध्यक्षको मन्तब्य सभामा पढेर सुनाउनु भयो ।

Head Office
Kathmandu

**<u>प्रतिवेदन प्रस्तुत गर्ने क्रममा अध्यक्ष ज्यूले सभालाई निम्न बमोजिम जानकारी गराउनु भयो</u> |**

बिश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस महामारी रोकथाम तथा नियन्त्रणका लागि नेपाल सरकारबाट जारी गरिएका स्वास्थ्य सम्बन्धी निर्देशन र मापदण्डहरुको सम्मान र परिपालना गर्दै अनलाईन **VIDEO CONFERENCE (ZOOM)** मार्फत सभा आयोजना गरिएको |

बिश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरसले बैंकको व्यपार विस्तारमा असर गरेको जानकारी गराउनु भयो | हाल दोश्रो त्रैमास समाप्त हुने क्रममा रहेकोले पहिलो त्रैमास भन्दा दोस्रो त्रैमासमा बैंकको विवरण राम्रो हुने छ |

कोरोना भाइरसको महामारीको कारण सृजना भएको बिषम परिस्थितिमा समेत बैंकबाट प्रवाह हुने सेवाहरुलाई थप प्रभावकारी बनाउदै सेवाग्राहीहरुलाई परेको समस्या समाधान गर्दै बैंकलाई थप सफलता दिलाउने तर्फ बैंकको संचालक समिति र बैंक व्यवस्थापन समेत कटिबद्ध रहेको छ |

अध्यक्ष ज्यूले हालसम्म बैंकले दिएको प्रतिफल राम्रो रहेको उल्लेख गर्नु भयो | सुरुमा बीस हजार लगानी गरेका लगानीकर्ताहरुले हालको अवस्थामा उक्त लगानीमा लगभग पैतालीस लाख बराबरको प्रतिफल पाउनु भएको |

कोरोना भाइरसको महामारीले गर्दा पर्यटन क्षेत्रले गति लिन समय लाग्ने भएकोले लागनीका नयाँ वैकल्पिक क्षेत्र पहिचान गरी साना तथा मझौला (SMALL AND MEDIUM ENTERPRISES) उत्पादन मुलक जस्ता क्षेत्रमा लागनी गर्ने बैंकको रणनीति रहेको |

**१०. <u>छलफलका लागि आह्वान</u>:**

तत्पश्चात सभापति ज्यूको आज्ञा अनुसार कम्पनी सचिव श्री सुरेश चापागाईंले शेयरधनी महानुभावहरुलाई केही जिज्ञासा, प्रश्न तथा सुझावहरु भए आफ्नो विचार मन्तब्य प्रकट गरी दिनु हुन अनुरोध गर्दै शेयरधनी महानुभावहरु समक्ष बार्षिक प्रतिवेदन लगायत वासलात तथा नाफा नोक्सान हिसाबमा छलफल गर्न आह्वान गर्नु भयो |

आफ्नो मन्तब्यको क्रममा सम्पूर्ण शेयरधनी महानुभावहरुले समयमै साधारण सभा गरेकोमा धन्यवाद दिदै शेयरधनीरुलाई ६ प्रतिशत बोनस शेयर र ४.३२ नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने सिफारिश तुलनात्मक रुपमा कम रहेको जानकारी गराउनु भयो |

शेयरधनी महानुभावहरुले समकक्षी बैंकको तुलनामा प्रतिफल कम दिनु भएको कारण सोध्दै आगामी दिनमा बढी प्रतिफल दिन सकोस भन्ने कामना गर्नु भयो |

मन्तब्य कै क्रममा शेयरधनी महानुभावहरु एभरेष्ट बैंक लिमिटेड अन्य बैंक तथा वित्तीय संस्थासँग मर्जर वा प्राप्ति गर्नु पर्छ भन्ने सुझाब दिनु भयो |

Head Office
Kathmandu

शेयरधनी महानुभावहरुले बैंकको पूँजीको आधार अझ बढाउनु पर्छ र व्यापार व्यवसाय बढाउन बैंकको शाखा नरहेको स्थानमा शाखा विस्तार गर्दै जानु पर्ने सुझाब दिनु भयो ।

शेयरधनी महानुभावहरुले बैंकले हासिल गरेको सफलता र उचाईलाई कायम राख्दै शेयरधनीहरुलाई आगामी बर्ष यस बर्षको तुलनामा धेरै बोनस शेयर र नगद लाभांश प्रदान गरिने छ भन्ने आकांक्षा ब्यक्त गर्नु भयो । साथै, बिश्वव्यापी रुपमा फैलिएकोकोरोना भाइरस महामारीका बिच पनि सेवाग्राहीहरुलाई राम्रो सेवा दिनु भएकोमा संचालक समिति र व्यवस्थापनलाई धन्यवाद दिनु भयो ।

अधिकांश शेयरधनी महानुभावहरुले संचालक समितिले नयाँ प्रमुख कार्यकारी अधिकृत नियुक्त गरेकोमा बधाई दिनु भयो र उहाँको नेतृत्वमा बैंकले सफलताको उचाईमा पुगोस भन्ने शुभकामना व्यक्त गर्नु भयो ।

२७ औं बार्षिक साधारण सभामा निम्न बमोजिमका वक्ताहरुले भौतिक रुपमा र VIDEO CONFERENCE (ZOOM) मार्फत आफ्नो राय, सल्लाह र सुझावहरु पेश गर्नु भएको थियो :

१. श्री सकुल सापकोटा
२. श्री सत्रुघन श्रेष्ठ
३. श्री राम प्रसाद अधिकारी
४. श्री अमृतनाथ रेग्मी
५. श्री कृष्ण कश्यप
६. श्री अमिर दास रंजित
७. श्री डमरु बल्लभ घिमिरे
८. श्री चन्द्र नारायण श्रेष्ठ
९. श्री राम गोपाल महर्जन
१०. श्री गुणराज भट्ट
११. श्री लवराज जोशी

**<u>सभापतिज्यू र प्रमुख कार्यकारीज्यूबाट प्रत्युत्तर:</u>**

शेयरधनी महानुभावहरुले बैंकको बार्षिक प्रतिवेदन तथा हरहिसाब उपरको छलफलमा सक्रिय रुपमा प्रभावकारी तवरबाट धैर्य धारण गरी सहभागी हुनु भएकोमा धन्यवाद दिनु भयो र सभामा उठेका जिज्ञासा, सोधनी तथा माग गरिएका प्रष्टिकरण सम्बन्धमा सभापति श्री बिष्णु कृष्ण श्रेष्ठ र प्रमुख कार्यकारी श्री सुदेश खालिङले संयुक्त रुपमा निम्नानुसार जवाफ दिनु भयो :

शेयरधनी महानुभावहरुबाट व्यक्त मन्तब्य, जिज्ञासा, सल्लाह, सुझाब तथा प्रतिक्रियाहरुलाई सकारात्मक रुपमा ग्रहण गर्ने र सम्भव भएसम्म सल्लाह तथा सुझाबहरुलाई लागू गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दै शेयरधनीहरुको सुझाब बमोजिम नै बैंकले उत्तरोतर प्रगतिको लागि बैंकले आफ्नो रणनीति बमोजिम



EVEREST BANK LTD. Head Office Kathmandu

कार्य गरिरहेको बिश्वास दिलाउनु भयो | शेयरधनी महानुभावहरुले बैंकको कमजोरीहरु औल्याउदा बैंकले कमजोरी सच्चाउन मौका पाउने हुँदा संचालक समिति साथै व्यक्तिगत रुपमा अध्यक्ष आफै पनि खुशी हुने धारणा सभा समक्ष राख्नु भयो |

कोरोना भाइरसको महामारीले पार्ने असरलाई न्युनीकरण गर्दै शेयरधनीहरुलाई अधिक प्रतिफल दिन बैंक संचालक समिति र बैंक व्यवस्थापन अथक रुपमा प्रयासरत रहेको जानकारी गराउनु भयो |

अध्यक्ष ज्यूले बैंकले पूँजी बढाए पछि सोही अनुसार शेयरधनीहरुलाई प्रतिफल दिनु पर्छ र पूँजी बढे पछि लगानी गर्दा **Non-Performing Account (NPA)** वृद्धि नहुने गरि गर्नु पर्छ |

अध्यक्ष ज्यूले आ.व २०७७/७८ मा बैंकको वितरणयोग्य मुनाफा रु. २,३६,४२,०७,७१८/- रहेको र २६.५८% लाभांश वितरण गर्ने क्षमता रहेको जानकारी गराउनु भयो | नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार नगद लाभांश इजाजतपत्र प्राप्त संस्थाको २०७८ असार मसान्तमा कायम निक्षेप भारित औसत ब्याजदरको प्रतिशत भन्दा बढी हुने छैन | यस बैंकको २०७८ असार मसान्तमा कायम निक्षेप भारित औसत ब्याजदरको ४.४८% रहेको थियो | त्यसै कारणले संचालक समितिले आ.व २०७७/७८ का लागि ४.३२% नगद लाभांश ( बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने सिफारिश गरेको हो |

लाभांश घोषणा गर्दा नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रहेर गरिएको व्यहोरा सभा समक्ष अध्यक्ष ज्यूले जानकारी गराउनु भयो |

अध्यक्ष ज्यूले बैंकको कार्य शैली र योजना बारे थप स्पष्टोक्ति दिंदै बैंकले गर्ने मुनाफा मध्ये सम्पूर्ण रकमलाई एकै पटक रित्याउने कार्य बैंकले नगरी **Reserve** लाई बलियो बनाउने तर्फ ध्यान दिईरहेको हुन्छ | मुख्यतः **Reserve** निम्नलिखित उद्देश्यले बढाउने गरिन्छ:

(क) पूँजीकोष अनुपात **(Capital Adequacy Ratio)** कायम राख्न
(ख) प्रति शेयर आम्दानी **(Earning Per Share )** कायम राख्न
(ग) शेयरधनीलाई दिने प्रतिफल स्थिर **(Consistent Return to Shareholders)** राख्न

साथै, **Reserve** मा जम्मा भएको रकम पनि शेयरधनी महानुभावहरुकै सम्पति रहेको तथ्य सभा समक्ष जानकारी गराउनु भयो |

अध्यक्ष ज्यूले बैंकको बारेमा जानकारी गराउने उद्देश्यले शेयरधनी महानुभावहरुलाई बैंकको आ.ब २०७८/७९ को दोश्रो त्रैयमासको प्रगति राम्रो हुने सभालाई बताउनु भयो |

बैंकले आफ्नो शाखा बिस्तारलाई निरन्तंरता दिई काठमाडौं जिल्लामा चार स्थान महाराजगंज, काँडाघारी, नेपालटार र जमल र भक्तपुर जिल्लाको ठिमीमा शाखा विस्तार गरि संचालनमा ल्याउने क्रममा रहेको छ | साथै रुपन्देही जिल्लाको बुटवलमा दुई शाखा नवलपरासी जिल्ल्लाको परासी, रुपन्देही जिल्लाकै देवदह, मुर्गिया र जितपुरमा समेत शाखाहरु निर्माणको क्रममा रहेको छ |

Head Office
Kathmandu

हाल निर्माणको क्रममा रहेका शाखा संचालनमा आए पश्चात अन्य नयाँ स्थानमा बैंकको शाखा संजाल विस्तार गरिने छ ।

सम्पूर्ण शेयरधनी महानुभावहरुबाट प्राप्त सल्लाह र सुझाबको उच्च सम्मान गर्दै आगामी दिनहरुमा समेत निरन्तर सहयोग, सल्लाह र सुझाबको अपेक्षाका साथ सभामा प्रस्ताव गरिएका बिषयहरुलाई सर्वसम्मत पारित गरी दिनको लागि सभापति श्री बिष्णु कृष्ण श्रेष्ठ अनुरोध गर्नु भयो ।

## ११. सभाको निर्णयहरु:

१. निर्धारित बिषय सूची नं. १ अनुसार संचालक समितिको तर्फबाट अध्यक्ष ज्यूको प्रतिवेदन अनुमोदनका लागि पेश हुँदा सर्वसम्मतिबाट अनुमोदन गरियो ।

२. निर्धारित बिषय सूची नं. २ अनुसार लेखापरीकक्षकको प्रतिवेदन सहितको लेखापरीक्षण गरिएको २०७८ साल आषाढ ३१ गतेको वासलात, सोही मितिमा समाप्त २०७७/७८ को नाफा नोक्सान हिसाव तथा सोही अवधि नगद प्रवाह बिबरण छलफल गरी पारित गर्ने प्रस्ताव पेश हुँदा सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. निर्धारित बिषय सूची नं. ३ अनुसार मिति २०७८/०७/१२ मा बसेको संचालक समितिको ३३४ औं बैठकले, शेयरधनीहरुलाई हालको चुक्ता पूँजीको ६% का दरले हुने रु. ५३,३६,२३,०३१/- बराबरको बोनस शेयर र ४.३२% का दरले हुने रु. ३८,४२,०८,५८३/- बराबरको नगद लाभांश (बोनस शेयरमा लाग्ने कर समेत) वितरण गर्ने गरेको सिफारिशलाई छलफल गरि पारित गर्ने प्रस्ताव सर्वसम्मतिले पारित भयो ।

४. निर्धारित बिषय सूची नं. ४ अनुसार बैंकले प्रस्तावित रु. ५३,३६,२३,०३१/- बराबर बोनस शेयर जारी भए पश्चात जारी र चुक्ता पुँजी बृद्धि हुने भएकोले प्रबन्धपत्रको दफा ५(ख) र (ग) मा संशोधन गर्नु पर्ने भएकोले प्रबन्धपत्रको दफा ५(ख र (ग) मा देहाय बमोजिम संशोधन गर्ने प्रस्ताव सर्वसम्मतिबाट पारित भयो ।

**बैंकको प्रबन्धपत्रको दफा ५ (ख) र (ग) मा संशोधन**

| हाल भईरहेको व्यवस्था | संशोधन पश्चात हुने व्यवस्था |
|---|---|
| ५(ख)<br>बैंकको तत्काल जारी पुँजी रू. ८,८९,३७,१७,१७८/- (अक्षरेपी: आठ अर्ब उनाननब्बे करोड सैतिस लाख सत्र हजार एक सय अठअत्तर रूपैया) हुने छ । | ५(ख)<br>बैंकको तत्काल जारी पुँजी रू. ९,४२,७३,४०,२०९/- (अक्षरेपी: नौ अर्ब बयालिस करोड त्रिहत्तर लाख चालिस हजार दुई सय नौ रूपैया) हुने छ । |
| ५(ग)<br>बैंकको तत्काल जारी पुँजी रू. ८,८९,३७,१७,१७८/- (अक्षरेपी: आठ अर्ब उनाननब्बे करोड सैतिस लाख सत्र हजार एक सय अठअत्तर रूपैया) हुने छ । | ५(ग)<br>बैंकको तत्काल जारी पुँजी रू. ९,४२,७३,४०,२०९/- (अक्षरेपी: नौ अर्ब बयालिस करोड त्रिहत्तर लाख चालिस हजार दुई सय नौ रूपैया) हुने छ । |

Head Office

५. निर्धारित बिषय सूची नं. ५ अनुसार आ.ब २०७८/७९ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने प्रस्तावका सम्बन्धमा बैंकको लेखापरीक्षण समिति र संचालक समितिले सिफारिश गरे बमोजिम **Sundar & Co., Chartered Accountants** लाई लेखापरीक्षकमा नियुक्त गर्ने र पारिश्रमिकको हकमा जम्मा रु. ९,२५,०००/- (अक्षरेपी नौ लाख पच्चीस हजार रुपैयाँ ) र सो मा लाग्ने कर समेत प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित भयो ।

**१२. धन्यवाद ज्ञापन:**

सभापति ज्यूले अपेक्षा गरिए भन्दा धेरै संख्यामा शेयरधनी महानुभावहरु अत्याधिक जोश, जाँगर, उत्साह र उमंगका साथ साधरण सभामा स्वयं र जुम मार्फत भाग लिई साधरण सभामा सक्रिय रुपमा छलफलमा संलग्न भई सफलता पुर्वक सुसम्पन्न गर्नु भएकोमा शेयरधनी महानुभावहरुका साथै सम्बन्धित सबैलाई धन्यवाद दिनु भयो ।

**१३. सभा विसर्जन:**

अन्तमा सभाका लागि प्रस्तुत सम्पूर्ण बिषय सूची उपर छलफल तथा निर्णय भएकोले उपस्थित शेयरधनी महानुभावहरु लगायत सबैलाई धन्यवाद दिनु हुँदै सभापति ज्यूले अपरान्ह १: ३५ बजे सभा विसर्जन गर्नु भयो ।

**सुरेश चापागाईं**
**कम्पनी सचिव**

Head Office
Kathmandu

**बिष्णु कृष्ण श्रेष्ठ**
**अध्यक्ष**

मिति: २०७८/०९/०१